नि.नं१) प्रस्ताब नं १ माथि छलफल गर्दा गत कार्यपलिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो ।

नि.नं २ ) प्रस्ताब नं २ माथि छलफल गर्दा कोभिड १९ संक्रमण भइ मृत्यू भएका हाल सम्म जम्मा ७ जना यस गा.पाका नागरीकलाई यसै कार्यपालिकाको निर्णय अनुसार प्रति ब्यक्ति रु २५ हजार प्रकोप ब्यबस्थापन कोषबाट भूक्तानी गर्ने निर्णय गरीयो । आ.व २०७७।०७८ मा कोभिड १९ संक्रमण रोकथाम , गाउँसभा संचालन खर्च को म.ले.प १८ फारमको भूक्तानी दिन बाँकी खर्चको सम्बन्धीत शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरीयो । निस्दी ५ ढुंगानाबेसीमा गाउँघर क्लिनीक , निस्दी ४ डुनीडमारमा सामुदाइक स्वास्थ्य इकाइको स्थापना गर्ने निर्णय गरीयो । निस्दी गा.पा वडा नं ४ को धिर्जे , ढाक्रे डमार , डुनिडमार , खनिडमार क्षेत्रमा १ जना म.स्व.से थप गर्ने निर्णय गरीयो । निस्दी गा.पा वडा नं ४ मित्याल स्वास्थ्य चौकी लाइ सुरक्षित गर्भपतन सेवा सुचिकृत गर्ने निर्णय गरीयो साथै सो स्वास्थ्य चौकीको सेवाप्रदायकलाइ सुचिकृत गर्ने निर्णय गरीयो ।

नि.नं ३ ) प्रस्ताब नं ३ माथि छलफल गर्दा यस गा.पाको वडा नं ४ मा निर्माणाधिन १५ शैयाको हस्पीटलको स्थलगत अवलोकनले हस्पीटलको निर्माण हुने जग्गामा, ग्याविङ्ग जालि थप गरी राख्नुपर्ने देखिएकोले हस्पीटलको स्टीमेटलाइ VO गर्ने निर्णय गरीयो ।

नि.नं ४ ) प्रस्ताब नं ४ माथि छलफल गर्दा दशौ गाउँसभा संचालन २०७८।१०।१६ गते गर्ने निर्णय गरीयो । साथै तयारी गर्न कार्यपालिका बैठक मिति २०७८।१०।१४ गते बस्ने निर्णय गरीयो ।

२०७८।१०।३
राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner